# गोदावरी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### अत्तरिया, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**नदीजन्य पदार्थको विक्री शुल्क संकलनका लागि बोलपत्र आव्हान सम्बन्धी ७ दिने विस्तृत सूचना**

**(प्रथम पटक प्रकाशित मिति : २०७९/०७/०३)**

**दोस्रो पटक प्रकाशित मिति :२०७९/०७/२१**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ क र यस गोदावरी नगरपालिकाको आर्थिक ऐन २०७९ को दफा १२ (१) को व्यवस्था बमोजिम आर्थिक वर्ष २०७९/८० को तोकेको अवधिका लागि यस नगरपालिका क्षेत्रमा रहेका खैराना, खुटिया र गोदावरी नदी/खोलाहरुको स्विकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी यस नगरपालिकाले तोकेको दरमा विक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भै मिति २०७९/०५/०५ गते प्रथम पटक समेत ३ पटक सूचना प्रकाशन गर्दा कुनै पनि प्रस्ताव पेश हुन नआएको कारण मिति २०७९/०७/०२ गते बसेको कार्यपालिकाको बैठकको निर्णयानुसार उत्खनन हुने कुल परिमाण र मूल्यमा संसोधन भई देहाय बमोजिम कायम भएकोले ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७८/७९ को करचुक्ता प्रमाण पत्र वा सम्बन्धित आ.रा.का.मा कर विवरण पेश गरेको प्रमाण, कानूनी रुपमा योग्य रहेको घोषणापत्र, अख्तियारिनामा र नेपाली नागरिकताको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही सिलबन्दी बोलपत्र पेश गर्नहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरीएको छ ।

**तपशिल :**

| क.सं. | आन्तरिक आय ठेक्का नं. | ठेक्काको नाम | न्यूनतम बोलपत्र रकम (सेवाशुल्क र मू.अ.कर बाहेक) रु. | धरौटी रकम (रु.) | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|
| १ | NCB/IR/GM/01/2079/80 | खुटिया, खैराना र गोदावरी नदीबाट नदीजन्य पदार्थ विक्री शुल्क संकलन | ५,५०,००,०००।- (पाँच करोड पचास लाख मात्र) | ३१,१०,०००।- | ५,०००।- |

**शर्तहरु :**

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बोलपत्र फाराम दस्तुर वापत एन.आई.सी.एशिया बैंक, अत्तरिया शाखा कार्यालयमा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता नं. ०७१२०५१४९८६२२०११ मा नगद जम्मा गरेको सक्कल भौचर साथ निवेदन पेश गरी यो सूचना दोस्रो पटक प्रकाशन भएको मितिले ७ औं दिनको कार्यालय समयभित्र(२०७९/०७/२७) यस कार्यालयबाट बोलपत्र कागजात खरिद गर्न सकिने छ । बोलपत्र दर्ता ८ औं दिनको दिउसो १२:०० बजेभित्र (२०७९/०७/२८) यस कार्यालयमा गरिसक्नु पर्नेछ । तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको माथि उल्लेखित बैंकमा रहेको आन्तरिक राजश्व खाता नं. ०७१२०५१४९८६२२०११ मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा हुन गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ ।

२. बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । धरौटी रकम रु.३११०,०००।०० (अक्षरुपी एक्तीस लाख दश हजार मात्र) यस कार्यालयको एन.आई.सी.एशिया बैंक, अत्तरिया शाखा कार्यालयमा रहेको धरौटी खाता नं. ७१४१४९८६२२५२४००१ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त क वर्गको बाणिज्य बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी बोलपत्र खोल्ने दिनदेखि १२० (एक सय बीस) दिनको म्याद सहित जारी गरिएको बिड बण्ड पेश गर्नुपर्नेछ ।

३. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण प्रोपराईटरको नाम, ठेगाना, फोन नं./मोबाईल नं., इमेल ठेगाना समेत स्पष्ट खुलाई फर्मको छाप लगाई दोस्रो पटक सूचना प्रकाशित भएको मितिले ८ औं दिन दिनको १२:००. बजे भित्र(२०७९/०७/२८) दर्ता गर्नुपर्नेछ ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाईने छैन । रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २:०० बजे देखि निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा

यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

५. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघी, रीत नपुगी वा शर्त सहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुनेछैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

६. बोलपत्र स्वीकृत भएमा सोको सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले ७ (सात) दिन भित्र मू.अ.कर दर्ता प्रमाणपत्र समेत लिइ कबोल अंकको प्रथम किस्ता वापत ३० (तिस) प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ । दोस्रो तथा तेश्रो किस्तावापत ७० (सत्तरी) प्रतिशतले हुने मू.अ.कर समेतको रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त क वर्गको बाणिज्य बैंकबाट यस कार्यालयको नाममा २०८० साल आषाढ मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बण्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ । साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले कबोल गरेको अंक, सेवा शुल्क वापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३ (तेह्र) प्रतिशत रकम समेत सोही बमोजिम यस कार्यालयमा बुझाउनुपर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्र दाताले छुट्टै बुझाउनुपर्नेछ ।

७. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ । यस नगरपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सर्न्दभमा यस कार्यालयबाट गरिएको वातावरणीय अध्ययन प्रतिवेदन, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, यस नगरपालिकाबाट जारी भएका कानून, सुदूरपश्चिम प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ ।

८. ठेक्का अवधी सम्झौता भएका मितिदेखि २०८० सालको ज्येष्ठ मसान्तसम्म हुनेछ ।

९. कबोल गरेको रकम एकमुष्ट अग्रिम रुपमा बुझाएमा ५% सम्म रकम छुट दिन सकिनेछ तर नियमानुसार लाग्ने मु.अ.कर प्रयोजनका लागि भने छुट दिईने छैन ।

१० ठेकेदारले नेपाल सरकार तथा गोदावरी नगरपालिकाको कार्यालय, कैलालीले समय समयमा दिएको निर्देशनको पालना गर्नु पर्नेछ । साथै कार्यालय तथा ठेकेदार बिच कुनै विवाद उत्पन्न भएमा यस नगरपालिकाले गरेको निर्णय नै अन्तिम हुनेछ ।

११. बुँदा नं. ९ बमोजिम एकमुष्ट रकम नबुझाएमा कूल कबोल अङ्कमध्ये पहिलो किस्तामा बुझाउनुपर्ने रकम बाहेक बाकी रकमको ठेक्का अवधिमा एक महिना थप अवधिसम्मको गोदावरी नगरपालिकाले तोकेको निर्धारित ढाँचामा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गका वाणिज्य बैंकको जमानत (परफमेन्स वण्ड) पेश गरे पश्चातमात्र ठेक्का सम्झौता गरी चलानपुर्जी दिईनेछ ।

१२. ठेक्का रकमको भुक्तानी तालिका देहायअनुसार हुनेछ :

| किस्ता | किस्ता बुझाउनुपर्ने मिति | रकम |
|---|---|---|
| पहिलो | सम्झौता हुँदाका बखत | कबोल अंकको ३०% ले हुन आउने रकम तथा सो को मू.अ.कर समेत |
| दोश्रो | २०७९ साल माघ मसान्तभित्र | कबोल अंकको ४०% ले हुनआउने रकम तथा सो को मू.अ.कर समेत |
| तेश्रो | २०८० साल बैशाष मसान्तभित्र | कबोल अंकको ३०% ले हुनआउने रकम तथा सो को मू.अ.कर समेत |

१३. तोकिएको समयमा कार्यालयलाई ठेक्का रकम नबुझाएमा वार्षिक १० (दश) प्रतिशत्का दरले हर्जाना सहित असूल उपर गरिनेछ ।

१४. ठेकेदारले सम्झौतापत्रमा/पट्टापुर्जीमा तोकिएका बस्तुहरुमा मात्र तोकिए बमोजिमको दरमा बिक्री शुल्क संकलन गर्नु पर्नेछ । सो भन्दा फरक हुने गरी शुल्क संकलन गरेमा नियमानुसार कारवाही हुनेछ ।

१५. प्रचलित नियमानुसार कालोसूचीमा परेका र यस नगरपालिका कार्यालयलाई बुझाउनु पर्ने बाकी बक्यौता भएका व्यक्ति, फर्म तथा कम्पनीहरुको बोलपत्र उपर कुनै कारवाही हुनेछैन ।

१६ यस नगरकार्यपालिकाको कार्यालयले तोकेको शुल्क संकलन गर्ने रसिदहरु ठेकेदारले आफ्ना तर्फबाट छपाई सो रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई मात्र प्रयोग गर्नुपर्नेछ । कार्यालयबाट अनुगमन गरिदा प्रमाणित नभएको रसिद फेला परेमा नियमानुसार कारवाही गरिनेछ ।

१७ राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा ढाट तगारो राखी नदीजन्यपदार्थको बिक्री शुल्क संकलन गर्न पाईने छैन ।

१८ ठेकेदारले नगरपालिको राजश्व संकलन गर्ने स्थानमा दररेट सहितको सूचना पाटी टाँस गर्नुपर्ने छ र राजश्व संकलन गर्ने कर्मचारीलाई परिचयपत्र लगाई मात्र संकलनकार्य गराउनु पर्नेछ ।

१९ गोदावरी नगरपालिका कार्यालय, कैलालीसंग ठेक्का सम्झौता गरेका ठेकेदारले IEE नभएको स्थानबाट ढुङ्गा, गिट्टी, बालुवा , ग्रावेल, भगान, माटो संकलन उत्खनन कसैले गरेको देखेमा सो ढुवानी साधनलाई नजिकको सुरक्षा निकायको सहयोग लिई आवश्यक कारवाही गर्नुपर्नेछ ।

२० ढुङ्गा, बालुवा, ग्रावेल, गिट्टी भरान माटो झिक्नु पर्ने घाटगद्धी स्थल सम्म जान आउन आवश्यक पर्ने बाटो बनाउन तथा बाटो मर्मत गर्नुपर्ने अवस्था आएमा ठेकेदारले आफ्नै तर्फबाट गर्नुपर्नेछ । ढुङ्गा, बालुवा, ग्रावेल, गिट्टी, भरान माटो लिन कुनै व्यक्ति वा निकायको निजी जग्गा वा वन क्षेत्र भित्र जानुपर्ने भएमा सम्बन्धीतको स्विकृति लिने कार्य स्वंय ठेकेदारले नै गर्नुपर्नेछ ।

२१ नदीको किनारबाट भु-क्षय हुने गरी, डिल भिर भित्तो खनन खोरस गरी ढुङ्गा, बालुवा, ग्रावेल, गिट्टी, भरान निकाल्न रोक लगाउनु पर्नेछ । त्यसरी निकालेको पाईएमा उक्त कार्य गर्ने ढुवानी साधानहरुलाई आवश्यक कारवाहीका लागि पठाउन ठेकेदार पक्षले पहल गर्नुपर्नेछ ।

२२ राजमार्गको र पुलको उत्तर-दक्षिण ५०० मिटर भित्र ढुङ्गा, बालुवा, ग्रावेल, गिट्टी, भरान माटो आदी निकाल्न नियमानुसार रोक लागेको हुनाले उक्त स्थानबाट नदीजन्यपदार्थ संकलन/उत्खनन गर्न पाईने छैन ।

२३ नदी, खोलाको घाट वा आकृति विग्रने गरी नदी किनारामा प्राकृतिक तवरले रहेको ढुङ्गा तोड्न वा फोड्न पाईने छैन । साथै ढुङ्गा, बालुवा, ग्रावेल, गिट्टी, भरान झिक्न मेसिनको प्रयोग गर्नुपर्ने भएमा स्वीकृत IEE ले तोकेको मापदण्ड अनुसार नगरपालिकाको अनुमती लिनुपर्ने छ । नगरपालिकाको अनुमती नलिई ठुला मशिन प्रयोग गरी नदीजन्य पदार्थ उत्खनन तथा संकलन गर्न पाईने छैन ।

२४ भिजेको नदीजन्य पदार्थ ढुवानीमा पूर्ण रोक लगाउनु पर्नेछ । साथै ढुङ्गा, बालुवा, ग्रावेल, गिट्टी, भरान माटो छोपेर मात्र ढुवानी गर्ने प्रवन्ध मिलाउनु पर्नेछ ।

२५ ठेकेदारले घाट क्षेत्रमा फोहोरमैलाको उचित व्यवस्थापन गर्नुपर्ने छ । साथै ठेकेदारले बस्ती क्षेत्रमा ध्वनी प्रदुषण नहुने गरी ढुवानीको कार्य गर्न लगाउनु पर्नेछ ।

२६ ठेकेदारले कामदारहरुकालागि प्राथमिक उपचारका साथै मास्क, हेलमेट आदीको व्यवस्था मिलाउन ढुवानीका साधनहरुलाई जानकारी गराउनुपर्नेछ ।

२७ ठेकेदारले ३/३ महिनामा संकलन तथा उत्खननको परिमाणको लिखित जानकारी कार्यालयमा अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । साथै सोही समयमा कार्यालयबाट प्रमाणित गरी लगेको प्रयोग भएका अर्धकट्टी नगदी रसिद पनि फिर्ता गर्नुपर्ने छ ।

२८ ठेकेदारले नदीजन्य पदार्थ संकलन तथा उत्खनन हुने घाटगद्धी स्थल सम्बन्धीका खर्चहरु स्वयं आफैले व्यहोनु पर्नेछ र बिक्री शुल्क संकलनगर्ने दर प्रति घन मिटर रु. १०६/- (अक्षरुपी एक सय छ मात्र) र सो को मू.अ.कर समेत हुनेछ ।

२९ विहान सुर्योदयभन्दा अगाडी र साँझ सुर्यास्त भन्दा पछि ढुवानीका साधनहरुले घाटगद्धी स्थलमा प्रवेश गर्न पाइने छैन । यसरी नियम विपरित गएका ढुवानी साधनहरुलाई कानून बमोजिम कारवाही गरिनेछ ।

३० खोला र नदीको घाटगद्धी स्थलहरुमा सम्पूर्ण जानकारी सहितको सूचना पाटी (साईनबोर्ड) ठेकेदार आफैले बनाई सबै सरोकारवालाहरुले देख्ने गरी आफ्नै खर्चमा राख्नु पर्नेछ ।

३१ नेपाल सरकारले विक्रि शुल्क छुटका लागि गरेका निर्णय बाहेक यस गोदावरी नगरपालिका क्षेत्रभित्र भएर बग्ने नदी खोला बाट नदीजन्यपदार्थ उत्खनन /संकलन गरे बापत नगरपालिकाको नदीजन्यपदार्थ बिक्री शुल्क सबैले तिर्नुपर्नेछ । कसैले नगरपालिकाको नदीजन्य पदार्थ बिक्री शुल्क तिर्न अटेर गरेमा कानून अनुसार कारवाही गरिनेछ ।

३२. नगरपालिकाबाट गरिएको IEE प्रतिवेदनमा घाटगद्धी स्थल नतोकिएको स्थानबाट कसैले पनि नदीजन्य पदार्थ उत्खनन /संकलन गर्न पाईने छैन । यसरी घाटगद्धी नतोकिएको स्थानबाट उत्खनन /संकलन गरेको पाईएमा नगरपालिकाद्धारा तोकिएको जरिवाना गरिनुका साथै नदीजन्य पदार्थ र ढुवानी साधन जफत समेत गर्न सकिनेछ ।

३३. यस सूचनामा उल्लेख भएका शर्तहरु यस ठेक्काको प्रयोजनकालागि अभिन्न अंगको रुपमा मानिनेछन् ।

३४. IEE प्रतिवेदनका प्रावधानहरुको व्याख्या गर्ने अधिकार गोदावरी नगरपालिकामा सुरक्षित रहनेछ ।

३५. यस सूचनामा उल्लेख भएको विषय यसै सूचना बमोजिम र यस सुचनामा उल्लेख नभएको हकमा प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

तालिका 1: खुटिया नदीबाटसङ्कलन तथा उत्खनन् कार्यका लागि निर्धारण गरिएका क्षेत्र

| साइट क्षेत्र | स्थान | Area | Depth | Total | मात्रा प्रतिशतमा | | | | कुल परिमाण घनमिटरमा | | | | जम्मा उत्खनन गर्न मिल्ने परिमाण | GPS Coordinates |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | बालुवा | गिट्टी | ढुंगा | भरान | बालुवा | गिट्टी | ढुंगा | भरान | | |
| साइट १ (बन्दगडा १) | चुरे नजिकको क्षेत्र बन्दगडा -०८ | १४९९९५ | १.१ | १६६६६१ | २ | ८ | ९० | | 3333 | 13333 | 149995 | 0 | 149995 | 28° 50' 16.30"N 80° 38' 35.97" E |
| साइट २ (बन्दगडा २) | चुरे नजिकको क्षेत्र बन्दगडा -०८ | १२१६२१ | ०.९ | १०८१०८ | 3 | ५ | ९२ | | 3243 | 5405 | 99459 | 0 | 97297 | 28° 49' 12.33"N 80° 38' 24.93"E |
| साइट ३ (स्याउले 1) | वडा नं.०९ साइट तिर | ८७७९६ | ०.८ | ६८२८६ | ७ | ५ | ८८ | | 4780 | 3414 | 60091 | 0 | 61457 | 28° 48' 17.37"N 80° 38' 6.48"E |
| साइट ४ (स्याउले २) | राजमार्ग पक्कि पुल देखि १ कि.मि.माथि (स्याउले) | १०७५७० | ०.८ | ८३६६६ | ४० | ५० | १० | | 33466 | 41833 | 8367 | 0 | 75299 | 28° 46' 43.39"N 80° 38' 5.68"E |
| साइट ५ (रातो भिता 1) | रातो भिता (सम्पूर्ण भाग वडा-०९मा रहेको) | १३८६१५ | ०.८ | १०७८१२ | ९५ | ५ | | | 102421 | 5391 | 0 | 0 | 97031 | 28° 46' 10.76"N 80° 38' 57.84"E |
| साइट ६ (बल्मी 1) | बल्मी -सेहेरी बीच वडा नं.०९ | 29719 | ०.८ | २३११५ | 85 | 12 | 3 | | 19648 | 2774 | 693 | 0 | 20803 | 28° 45' 27.09"N 80° 39' 21.93"E |
| साइट ७ (मुर्कट्टी १) | मुर्कट्टी वडा नं.०९ र धुर्झना धनगढी-१९ | ४०२५९ | १.० | ४०२५९ | ८० | १० | | १० | 32207 | 4026 | 0 | 4026 | 36233 | 28°46'43.40"N8 0°38'5.69"E |
| साइट ८ (मुर्कट्टी २) | मुर्कट्टी वडा नं.०९ र धुर्झना धनगढी-१९ | ३१७२९ | १.० | ३१७२९ | ७५ | २५ | | | 23797 | 7932 | 0 | 0 | 28556 | 28°46'10.77"N 80°38'57.85"E |
| साइट ९ (धनचौरी १) | धनचौरी वडा नं.०९ र धुर्झना धनगढी-१९ | १२५६२ | १.१ | १३९५८ | ७० | | | 30 | 9770 | 0 | 0 | 4187 | 12562 | 28°45'27.10"N 80°39'21.93"E |
| | जम्मा | | | ६४३५९२ | | | | | २३२६६६ | ८४१०८ | ३१८६०५ | ८२१३ | 579233 | |

तालिका 2: गोदावरी नदीबाट सङ्कलन तथा उत्खनन् कार्यका लागि निर्धारण गरिएका क्षेत्र

| साइट क्षेत्र | स्थान | Area | Depth | Total | मात्रा प्रतिशतमा | | | | कुल परिमाण घनमिटरमा | | | | जम्मा उत्खनन गर्न मिल्ने परिमाण | GPS Coordinates |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | बालुवा | गिट्टी | ढुंगा | भरान | बालुवा | गिट्टी | ढुंगा | भरान | | |
| साइट १ (डम्मल १) | डम्मल वडा ०२ र ०३पश्चिम | ६१२१ | ०.८ | ४७६१ | ९० | ५ | | ५ | 4285 | 238 | 0 | 238 | ४२८५ | २८°०९'२५.७"N, ८०°३२'४५.३"E |
| साइट २ (डम्मल २) | डम्मल वडा ०२ र ०३पश्चिम | ७७४३ | ०.७ | ५१६२ | ९५ | ४ | | १ | 4904 | 206 | 0 | 52 | ४६४६ | २८°४९'३०.९"N, ८०°३२'४२.८"E |
| साइट ३ (डम्मल ३) | डम्मल वडा ०२ र ०३ | 5242 | ०.७ | ३४९५ | | ९९ | १ | | 0 | 3460 | 35 | 0 | ३१४५ | २८°४९'४७.६"N, ८०°३२,३८.६E" |
| साइट ४ (डम्मल ४) | डम्मल वडा ०२ र ०३ | २३२८६ | ०.८ | १८१११ | ९४ | ६ | | | 17025 | 1087 | 0 | 0 | १६३०० | २८°४९'३९.२"N ८०°३२'३७.७"E |
| साइट ५ (डम्मल ५) | डम्मल वडा ०२ र ०३ | २५८८८ | ०.८ | २०१३५ | ९० | १० | | | 18122 | 2014 | 0 | 0 | १८१२२ | २८°४९'४९.८"N, ८०°३२'३६.०"E |
| साइट ६ (महरा कटान १) | महरा कटान र बनदेवीभित्र वडा १० पश्चिम र ०२ पुर्व | १४७५९३ | ०.९ | १२५७४९ | ३० | ५५ | 15 | | 37725 | 69162 | 18862 | 0 | ११३१७४ | २८°५१'४८.५"N, ८०°३३'३८.४"E |
| साइट ७ (खामौरा १) | तेघरी र खामौरा बीच पर्ने | ९०८५८ | ०.६ | ५०४७७ | | ६० | ४० | | 0 | 30286 | 20191 | 0 | ४५४२९ | २८°५०'४१.६"N, ८०°३२'५१.०"E |
| जम्मा | | | | २२७८८९ | | | | | ८२०६० | १०६४५२ | ३९०८८ | २९० | २०५१०१ | |

तालिका 3: खैराना नदीबाट सङ्कलन तथा उत्खनन् कार्यका लागि निर्धारण गरिएका क्षेत्र

| साइट क्षेत्र | स्थान | Area | Depth | Total | मात्रा प्रतिशतमा | | | | कुल परिमाण घनमिटरमा | | | | जम्मा उत्खनन गर्न मिल्ने परिमाण | GPS Coordinates |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | बालुवा | गिट्टी | ढुंगा | भरान | बालुवा | गिट्टी | ढुंगा | भरान | | |
| साइट 1 (खैराना १) | वडा नं. ०४-०६खैराना सा.व. | ४५७४० | १ | 45740 | ५ | ९० | ५ | 0 | 2287 | 41166 | 2287 | | 41166 | २८°५०'०८.०"N, ८०°३५'४३.३"E |
| जम्मा | | | | 45740 | | | | | 2287 | 41166 | 2287 | | 41166 | |

तालिका 4: खुटिया, खैराना र गोदावरी नदीबाट सङ्कलन तथा उत्खनन् गर्न सकिने परिमाण

| क्र.सं. | नदीको नाम | जम्मा उत्खनन् गर्न मिल्ने परिमाण (घन मिटर) - २७० दिनमा | जम्मा उत्खनन् गर्न मिल्ने परिमाण (घन मिटर) - २१२ दिनमा |
|---|---|---|---|
| १ | खुटिया | ५७९२३३ | 454805 |
| २ | खैराना | ४११६६ | 32323 |
| ३ | गोदावरी | २०५१०१ | 161042 |
| जम्मा | | 825500 | 648170 |

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
गोदावरी नगरकार्यपालिकाको कार्यालय,
अतरिया कैलाली ।

बिषय: बोलपत्र फारम पेश गर्ने सम्वन्धमा ।

तहाँ कार्यालयबाट मिति २०७९/०७/०३ मा दोस्रो पटक प्रकाशित सूचनाको शर्त अनुसार काम गर्ने गरि आ.व. २०७९/८० को तोकिएको अवधिका लागि तहाँ नगरपालिकाले तोकेको परिमाण र तोकेको दरमा गोदावरी नगरपालिकामा रहेका गोदावरी,खैराना र खुटिया नदीको नदिजन्य पदार्थको बिक्रि शुल्क संकलन ठेक्काको लागि तपशिल वमोजिमको रकम कबोल गरेको छु ।

| आन्तरीक आय ठेक्का न. | ठेक्का सम्वन्धि विवरण | न्यूनतम ठेक्का अंक रु (मू अ कर बाहेक) | कबोल गरेको रकम रु (मू अ कर बाहेक) अंकमा | कबोल गरेको रकम रु (मू अ कर बाहेक) अक्षरमा | धरौटी रकम रु (अंक र अक्षरमा ) | कैफियत |
|---|---|---|---|---|---|---|
| NCB/IR/GM/01/2079/80 | खुटिया, खैराना र गोदावरी नदीबाट नदिजन्य पदार्थ बिक्रि शुल्क संकलन | ५५०,००,०००/०० | | | | कबोल रकमको किस्ता बुझाउदा १३ % मू अ कर रकम थप गरि गोदावरी नगरपालिकामा बुझाउने छु |

नोटः- बोलपत्रदाता आफु यस अघि कुनै पनि खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो कुनै स्वार्थ नबाझिएको सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको घोषणा गर्दछु भनी सही गर्ने......................

दस्तखत :

फर्म/कम्पनीको नाम /छाप :

प्रोप्राइटर/ अख्तियारी प्राप्त व्यक्तिको नाम :

सम्पर्क न. :

Email id:

ठेगाना :